# कक्षा दशका विद्यार्थीहरुको पठन क्षमता

लक्ष्मी आचार्य
उप-प्राध्यापक
यशोदय दुधनाथ थारु बहुमुखी क्याम्पस
Email: laxmiacharya11@gmail.com

## लेख जानकारी

**शब्दकुञ्जी :** पठन प्रवाह, विसङ्केतीकरण, ध्वनि सचेतीकरण, शब्द भण्डार, वर्ण विभेदीकरण

**Received:** 12 June 2024

**Reviewed:** 12 November 2024

**Accepted:** 19 November 2024

**DOI:** https://doi.org/10.3126/snprcj.v6i1.91811

Copyright 2025 © Author(s)

## लेखसार

*प्रत्येक विषयको ज्ञान प्राप्त गर्ने मुख्य तरिका पढाइ हो । पठन गतिका कारणले थोरै समयमा धेरै विषयवस्तु पढ्न सकिन्छ । प्रस्तुत अध्ययनको उद्देश्य माध्यमिक तहका विद्यार्थीको पठन क्षमताको अध्ययन गर्नु हो । गुणात्मक ढाँचामा गरिएको यो अध्ययन व्याख्यात्मक प्रकृतिको रहेको छ । अध्ययनका क्रममा उद्देश्यपूर्ण नमुना छनोट विधिद्वारा माध्यमिक तह कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूलाई लिइएको छ । भिन्न मातृभाषा भएका विद्यार्थीहरूको पठन क्षमतालाई आधार मानी सामग्री सङ्कलन गरिएको छ । विद्यार्थीको भाषिक पृष्ठभूमिमा आधारित भई विद्यार्थीहरूलाई पठनका लागि नेपाली भाषा पाठ्यपुस्तकको कथा विधाको एक कथाको १६० शब्दको निश्चित अनुच्छेद पठन गराइ सामग्री सङ्कलन गरिएको छ । त्यसक्रममा पठनका लागि लागेको समय, विद्यार्थीले पठनका क्रममा गरेका त्रुटि, वर्णविन्यासगत असचेततालाई पठन सिद्धान्तका आधारमा विश्लेषण गरी निष्कर्ष निकालिएको छ । माध्यमिक तहमा पठनको महत्त्वलाई आत्मसात गर्दै पठनका आधारभूत तत्त्व ध्वनि सचेतीकरण, लेख्य वर्ण सचेतीकरण, पठन प्रवाह, शब्द भण्डार, बोधको सन्तुलित संयोजनमा आधारित रही विश्लेषण गरिएको छ । यस अध्ययनबाट माध्यमिक तहका विद्यार्थीका लागि पठन क्षमता अत्यन्तै महत्त्वपूर्ण रहे पनि विद्यार्थीहरूमा औसत पठन क्षमता पनि नरहेको, वर्ण पहिचान, वर्ण विभेदीकरण, सिपमा त्रुटि देखिएका छन् । तसर्थ प्रारम्भिक तहदेखि नै वर्ण पहिचान, वर्ण विभेदीकरण, उच्चारण, पठन जस्ता सिप विकासमा जोड दिन आवश्यक देखिएको छ ।*

## परिचय

भाषा शिक्षणका चार भाषिक सिप मध्येको एक सिप पठन सिप हो । पठन सिपलाई भाषिक सिपमध्ये आदनात्मक सिपका रूपमा रहेको समग्र कक्षा शिक्षणको आधार पनि मान्न सकिन्छ । भाषाकै माध्यमबाट पनि अन्य विषयको शिक्षण सिकाइ सम्भव हुन्छ । प्रत्येक विषयको ज्ञान प्राप्त

गर्ने मुख्य तरिका पढाइलाई नै मान्ने गरिन्छ । " पढाइ भनेको लिपिबद्ध भाषामा उतारिएको ज्ञान एवम् सूचनालाई पाठकद्वारा आफ्ना मस्तिष्कले सङ्गठित गर्ने सिप हो"(अधिकारी, २०५९, पृ.६९) । लिपिबद्ध सामग्रीका माध्यमबाट विषय प्रदत्त अभिव्यक्तिलाई आफ्नो अनुभव तथा ज्ञानका आधारमा ग्रहण गर्न सकिन्छ । पठनलाई तीव्र पार्ने हो भने थोरै समयमा धेरै विषयवस्तुको ज्ञान प्राप्त गर्न सकिन्छ । कुनै पनि विषयवस्तुमा थप ज्ञान हासिल गर्नका लागि पढाइलाई नै मुख्य माध्यमका रूपमा लिइन्छ । पठनबाट प्राप्त ज्ञानले दैनिक जीवनमा आइपर्ने समस्या समाधानमा सहयोग पुग्दछ । भाषिक सिप, पठन क्षमता एवम् बोध कमजोर भएमा अन्य विषयगत समस्या समाधानमा समेत प्रतिकूल असर पुग्न गई अपेक्षाकृत सिकाइ उपलब्धि हासिल गर्न बाधा पुग्ने देखिन्छ ।

लिपिबद्ध सामग्री बुझ्नका साथै बुझाउन सक्ने क्षमता प्राप्त गर्नु नै पढाइ हो । पढाइले लेख्य भाषाको सामान्य बोध मात्र नजनाई पठन प्रक्रियासमेत जनाउँछ । पाठकको उच्चस्तरीय विकासको लागि पढाइ महत्त्वपूर्ण सिपका रूपमा देखिन्छ । "पठन प्रक्रियाअन्तर्गत आँखाको संलग्नता तथा चाल, दृश्यात्मक तथा लिपिबद्ध रूपमा प्रस्तुत गरिएका अक्षर, शब्द एवम् शब्दावली तथा वाक्यहरूलाई एक आपसमा विभेदीकरण तथा संयोजन उच्चार्य र दृश्य प्रतीकहरूका बिचमा सम्बन्ध स्थापना र अभिव्यक्त कुराको अनुसन्धान समेत पर्ने हुनाले यसलाई जटिल प्रक्रिया मानिन्छ" (अधिकारी, २०५९, पृ.६९) । पढाइका माध्यमले विद्यार्थीले ध्वनि, वर्ण, अक्षर, शब्द पदावली तथा वाक्यलाई पहिचान गर्ने, सङ्गठित गर्ने तथा धारणा निर्माण समेत गर्दछ । लिपिबद्ध सामग्रीलाई वैचारिक विम्बमा परिणत गर्ने प्रक्रिया पढाइ भएकाले यसलाई मानसिक प्रक्रिया मानिन्छ । यसरी हेर्दा पढाइ भिन्न भिन्न सिप र क्षमताको एकीकृत प्रक्रिया र कुशलता हो । सिकारु लिपिबद्ध पाठ्य सामग्री सिक्नु भन्दा अगाडि कथ्य स्वरूपमा परिचित भइसकेको हुन्छ । कतिपय शब्दहरूको बोधसमेत भइसकेको हुन्छ तसर्थ पढाइका क्रममा सिकेका शब्दहरूलाई प्रयोग, प्रसङ्ग, सन्दर्भजनित ढङ्गले उपयोग गर्न सक्नु पनि एक प्रकारको बोध क्षमता हो जुन क्षमतालाई सबलीकृत गर्न पठनले महत्त्वपूर्ण भूमिका खेल्दछ ।

पठन मस्तिष्कमा सञ्चित पूर्वानुभवको उपयोगबाट हुने हुनाले संज्ञानात्मक पक्षसँग सम्बन्धित हुन्छ । पठन लिपिवद्ध सामग्रीको दृश्यका माध्यमबाट ग्रहण गर्न सकिने प्रक्रिया हुनाले यसलाई आँखा र मस्तिष्क बिचको सन्तुलित कार्यका रूपमा पनि हेरिन्छ । "आँखा र मस्तिष्कको संलग्नताने पाठकका पूर्वानुभवित संज्ञान र दृश्य सङ्केतहरूलाई द्रुततापूर्वक, सङ्गठित गरेर बुझ्ने सिप र क्षमता नै पठनकलाको अभिप्राय हो । आँखा, दृश्यात्मक प्रतीक र अर्थानुसन्धान गरी तीन कुराको संलग्नता रहने जटिल प्रक्रिया पठनकला हो" ( शर्मा र पौडेल, २०६०, पृ.१०७)। पठनका क्रममा दृश्यात्मक प्रतीकका रूपमा अक्षर, शब्द, पदावली वाक्य आदि जस्ता भाषिक एकाइ बुझिन्छन् । पठनका क्रममा संलग्न रहने अक्षर, शब्द पदावली वाक्यहरूको पहिचानका आधारमा अर्थ सम्बन्धसँग जोडिन्छ । पठनकला उत्कृष्टतातर्फ उन्मुख हुनका लागि पाठकले दृश्यात्मक प्रतीकलाई वैचारिक बिम्बमा परिणत गरी अर्थसम्बधसँग जोडने कार्य गर्ने हुनाले नै पठनकलालाई संज्ञानात्मक पक्षसँग सम्बधित मानसिक प्रक्रिया मानिएको देखिन्छ ।

पठन क्षमताका अधिकांश सिद्धान्तहरूले व्यक्तिगत भिन्नतालाई प्रमुख कारकका रूपमा जोड दिएका छन् । व्यक्तिगत भिन्नताकै कारण पठन क्षमतामा प्रभाव पर्ने कुरा प्रमुख मानिए पनि त्यसमा दृश्यात्मक भिन्नता (भिजुअल भेदभाव), ध्वनिविज्ञान (फोनोलोजिकल) र अर्थविज्ञानको पुनः

संरचना (सिमेन्टिक रिकोडिङ) छोटो अवधिको स्मरण (मेमोरी), भाषिक ज्ञान र सन्दर्भको उपयोग समावेश गरेका छन् । यसमा कुनै एउटा कारक सिद्धान्त सही हुन सक्दैन भनेर देखाउनका लागि थप अध्ययनको आवश्यकता पर्दछ । तत्त्वगत सिप र क्षमताको फराकिलो क्षेत्र पठन क्षमतासँग सम्बन्धित देखाइएको छ । त्यसमध्ये धारणा, निर्माणका क्रममा अक्षर स्थान र क्रम बिचको भिन्नता, दृश्य कोड निर्माणमा सहयोगीका रूपमा नियमितताको प्रयोग, ध्वनि रिकोडिङमा हिज्जेदेखि ध्वनि नियमितताको प्रयोग, शब्दक्रमको स्मरण, सिन्ट्याक्टिक सम्बन्धको सहज पहिचान, सिन्ट्याक्टिक र सिमेन्टिक सन्दर्भबाट भविष्यवाणीमा लचिलोपन जस्ता पक्षले पठनलाई प्रभाव पार्न सक्दछ । पठन सफलाताका कारकहरू पहिचान गर्नका लागि तीनवटा फरक दृष्टिकोणहरूको चित्रण गरिएको छ । तिनीहरूमा सामान्य क्षमता मूल्याङ्कन, सिकाइ सामर्थ्य, मूल्याङ्कन र तत्त्वगत सिप विश्लेषण रहेका छन् ।

नेपाल सरकार कक्षा शिक्षा मन्त्रालय राष्ट्रिय प्रारम्भिक पढाइ कार्यक्रम दस्तावेज २०७० मा नेपालका प्राम्भिक कक्षामा भाषाको प्रयोग, नीतिगत प्रावधानसहित पढाइ कार्यक्रमका प्रमुख सिद्धान्तका रूपमा पढाइ र भाषा सिद्धान्तलाई लिएको देखिन्छ । सामान्य सिद्धान्तको चर्चा गर्दै राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका लक्ष्य उद्देश्य, क्रियाकलाप लगानी सहित कार्यान्वयन पक्षमा समेत नीति निर्माण गरी सम्पूर्ण विद्यालय शिक्षाको महत्त्वपूर्ण पाटोका रूपमा पढाइ रहने हुनाले यसको योजनादेखि कार्यान्वयन पक्षसम्म गरिने कार्यलाई दस्तावेजका रूपमा प्रस्तुत गरेको छ ।

पढाइ भनेको लिखित पाठ्यांशलाई बुझ्ने क्षमता हो । पढाइभित्र शब्दको पहिचान र बुझाइ दुई प्रक्रिया रहेका हुन्छन् । पठन शब्दको पहिचानको सम्बन्ध डिकोडिङ (विसङ्केतन) सिपसँग सम्बन्धित छ भने बोध पढेका कुराको सार ग्रहणसँग सम्बन्धित देखिन्छ । भाषिक विषयवस्तुलाई स्पष्ट बुझेर गतिका पढ्नु पठन क्षमता हो; सिपयुक्त पढाइ हो । भाषाका लिपिबद्ध सङ्केतलाई अर्थपूर्ण ढङ्गले विसङ्केतन (डिकोडिङ) गर्ने संज्ञानात्मक प्रक्रिया नै पढाइ हो । लिपिबद्ध विषयवस्तुलाई अर्थबोध हुने गरी पढ्ने प्रक्रिया पढाइ हो । पाठकको पूर्वज्ञान, अनुभव, प्रवृत्ति, सामाजिक तथा सांस्कृतिक स्तरले पढाइमा प्रभाव पार्ने हुनाले यो नितान्त संज्ञानात्मक पक्षसँग सम्बन्धित मानसिक प्रक्रियासमेत हो । ज्ञान सिप प्राप्त गर्ने महत्त्वपूर्ण माध्यम पढाइ भएकाले सम्पूर्ण सिकाइको पूर्वाधार पढाइलाई मानेको देखिन्छ ।

पठनकला उत्कृष्टतातर्फ उन्मुख हुनका लागि पाठकले दृश्यात्मक प्रतीकलाई वैचारिक विम्बमा परिणत गरी अर्थसम्बन्धसँग जोडनु आवश्यक हुन्छ । त्यसैले पठनकलालाई संज्ञानात्मक पक्षसँग सम्बन्धित मानसिक प्रक्रिया मानिएको देखिन्छ । भाषिक कुशलता प्राप्त मौखिक अभिव्यक्ति महत्त्वपूर्ण हुन्छ । बोध र अभिव्यक्तिका लागि विद्यार्थीहरूलाई पढाइको आवश्यकता पर्दछ । पठन सिपकै माध्यमबाट विद्यार्थीहरूले लिपिबद्ध सामग्रीलाई वैचारिक विम्बमा परिणत गर्ने हुनाले माध्यमिक तहमा पठन सिप विकास गर्न जरुरी हुन्छ । त्यसैले यस अध्ययनमा माध्यमिक तह कक्षा दशमा अध्ययनरत विद्यार्थीको पठन क्षमताको अध्ययन गरी गुणस्तरीयताका दृष्टिले मूल्याङ्कन गरिएको छ । त्यसैले यस अध्ययनको उद्देश्य कक्षा दशमा अध्ययनरत विद्यार्थीको पठन क्षमताको अध्ययन गरी गुणस्तरीयताका दृष्टिले मूल्याङ्कन गर्नु रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखलाई गुणात्मक ढाँचामा संरचित गरिएको छ। माध्यमिक तहमा पठनको महत्त्वलाई आत्मसात गर्दै पठनका आधारभूत तत्त्व तथा पठन सिद्धान्तमा आधारित रही विश्लेषण गरिएको छ। अध्ययनका क्रममा सामग्री सङ्कलनका लागि उद्देश्यपूर्ण नमुना छनोट विधिद्वारा सामुदायिक विद्यालयका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूबाट प्रतिनिधिमूलक उद्देश्यपूर्ण नमुना छनोट विधि अवलम्बन गरिएको छ। कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकाको कथा विधाअन्तर्गत रही एउटा अनुच्छेदलाई पठन सामग्रीका रूपमा विद्यार्थीहरूलाई प्रदान गरी सामग्री सङ्कलन गरिएको छ। नेपाली भाषामा लेखिएको कथा विधाबाट १६० शब्दको एउटा अनुच्छेद लिई विद्यार्थीलाई पठन गर्न लगाइएको छ। विद्यार्थीहरूले लिपिबद्ध सामग्रीलाई गरेको सस्वरपठनलाई पठनका आधारभूत तत्त्वहरूका आधारमा विश्लेषण गरिएको छ। द्वितीयक सामग्री सङ्कलनका लागि पुस्तकालयलाई उपयोग गरिएको छ। अध्ययनका क्रममा प्राप्त विषयवस्तुको सङ्गठन र प्रस्तुतीकरणका लागि वर्णनात्मक र व्याख्यात्मक विधि अपनाइएको छ।

## नतिजा र छलफल

विद्यार्थीहरूमा दिगो प्रभावकारी सिप र ज्ञानतत्वको विकास गराउनका लागि उनीहरूकै मातृभाषा वा पहिलो भाषामै पढन लगाउनु उपयुक्त ठानिन्छ। पहिलो भाषामा आधारभूत दक्षता हासिल गरिसकेका विद्यार्थीले मात्र दोस्रो भाषालाई माध्यमका रूपमा सहज लिन सक्दछन्। भाषिक सिप विकास गर्न पढाइ सिप र अर्थ दुवैलाई सन्तुलित ढङ्गले अगाडि बढाउनु पर्दछ। हडसन् र अन्य (सन् २०००) ले पठन प्रवाहका तत्त्वहरू तथा तिनलाई मूल्याङ्कन गर्ने र सिकाउने तरिकाका बारेमा बताएका छन्। उनीहरूका अनुसार धाराप्रवाह पठनमा तीनवटा तत्त्वहरू रहेका हुन्छन्। ती हुनः सम्बन्धित पाठको सही पठन, दृश्य शब्द ज्ञान र समयबद्ध पठनहरूको परीक्षण सही उपयुक्त प्रोसोडीको संवादात्मक दर मान्दछन्। शाब्दिक पठन शुद्धताले शब्दहरू सही रूपमा चिन्न र डिकोड गर्ने क्षमतालाई बुझाउँछ। पठन प्रवाहको मूल्याङ्कन गर्ने यसका सम्पूर्ण पक्ष सहित विद्यार्थीको सस्वर पठनलाई सुन्न सकिन्छ। मौखिक पढाइ सुनेर प्रति १०० शब्दमा त्रुटिहरूको सङ्ख्या गणना गरेर विद्यार्थीहरू शुद्धता मापन गर्न सकिन्छ। विद्यार्थीहरूको पढाइको दर मापन गर्न शब्द पठन स्वचालितता, दृश्य शब्द ज्ञान र समयबद्ध पठनहरूको परीक्षण प्रयोग गरेर सम्बन्धित पाठ पठनको गति समेतलाई मापन गर्न सकिने निष्कर्ष निकालेका छन्।

पठन क्रियाकलापमा विद्यार्थीलाई सहभागी गराउनु भन्दा अघि ध्वनि सचेतीकरण, ध्वनि र सङ्केतको अन्तरसम्बन्धलाई जोड दिनु पर्दछ। नेपाल सरकार, शिक्षा मन्त्रालय अन्तर्गत शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा प्रकाशित पठन सिप विकास तालिम स्रोत सामग्री प्रारम्भिक कक्षा १–३, २०७४ मा 'पठनका लागि सिकाइ' र 'सिकाइका लागि पढाइ' भन्ने अवधारणा अनुरूप पढाइका आधारभूत तत्त्वहरू/ सिद्धान्तहरूका रूपमा ध्वनि सचेतीकरण, लेख्य वर्ण सचेतीकरण, पठन प्रवाह, शब्द भण्डार, बोधको सन्तुलित संयोजनलाई लिएका छन्। यस अध्ययनमा ध्वनि सचेतीकरण र पठन, पठन प्रवाह र स्वतन्त्र पढाइ, शब्दभण्डार र पठनबोध, मातृभाषाका आधारमा सस्वर पठन क्षमता, लैङ्गिकताका आधारमा साझा पठन क्षमता र तत्परता जस्ता आधारभूत सिद्धान्तमा आधारित रही कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको पठन क्षमताको अध्ययन गरिएको छ।

## ध्वनि सचेतीकरण र पठन

ध्वनि भनेको आवाज हो। भाषाका स्वर र व्यञ्जन परिचित हुनु ध्वनि पहिचान गर्नु हो। भाषाको लघुत्तम एकाइ ध्वनि हो । यसले भाषा निर्माणका क्रममा कच्चा पदार्थका रूपमा रही कार्य गर्दछ। ध्वनि उच्चारण अवयवबाट उच्चारण हुने, कानबाट सुन्ने, आँखाबाट देख्ने र बोध हुने भएकाले संज्ञानात्मक प्रकृतिको हुन्छ। ध्वनि र सङ्केतको सम्बध गराएर चिन्ने काम नै लेख्य वर्ण सचेतीकरण हो। यसले विभिन्न प्रकारका ध्वनिको प्रतिनिधित्व गर्ने वर्णको लेखाइको स्वरूप र क्रमप्रति विद्यार्थीलाई सचेत गराउँछ। लेख्य वर्ण सचेतीकरणलाई ध्वनि वर्ण सम्बध र ध्वनि सङ्केत सम्बन्ध पनि भनिन्छ। लेख्य वर्ण सचेतीकरण अन्तर्गत मुद्रित सामग्रीको सचेतता, वर्णमाला सचेतता, विसङ्केतन (डिकोडिङ) र पठन अभ्यास जस्ता कुराहरू पर्दछन। नेपाली भाषामा ३५ वटा उच्चार्य ४९ वटा लेख्य वर्ण छन्। लेख्य वर्ण सचेतीकरण अन्तर्गत यी सबै वर्णको ध्वनि र सङ्केत सम्बन्धमा सिकाइ सहजीकरण गरिन्छ। लेख्य वर्ण सचेतीकरणका लागि सामान्यतया छओटा चरणलाई अवलम्बन गरिन्छ। त्यसमा मुद्रित सामग्री सचेतना, वर्ण/अक्षर पहिचान, वर्ण / ध्वनि /अक्षर सम्बन्ध, विसङ्केतन (डिकोडिङ), हिज्जे, शब्दाक्रमण सिप पर्दछन्।

ध्वनि सचेतीकरणका दृष्टिले विद्यार्थीहरूलाई पठनका लागि दिइएको अनुच्छेदमा रहेका वर्णहरूसँग विद्यार्थीहरू परिचित रहे पनि सबै स्वर वर्णयुक्त मात्रा लागेका शब्दोच्चारणमा सचेतना कमी देखियो अध्ययनका क्रममा पाठक 'क' मातृभाषा नेपाली नै भएको विद्यार्थीलाई लिइएको थियो। जम्मा १६० शब्द रहेको कथात्मक संरचनामा संरचित अनुच्छेदलाई नेपाली भाषिक पृष्ठभूमि भएका विद्यार्थीले १६० शब्दमध्ये ११ वटा पुरै त्रुटिपूर्ण थिए। पठन क्रममा ध्वनि पहिचानमा कठिनाइ देखियो। ध्वनि पहिचानका आगम , लोपका साथै उच्चारणका क्रममा 'ल' ध्वनिलाई 'न', 'ह' ध्वनिलाई 'ड' जस्ता त्रुटिहरू देखियो। अक्षर छुटाएर पढ्ने, चिन्ह प्रयोगलाई बेवास्ता गरेर पढ्ने जस्ता त्रुटिहरूले गर्दा विद्यार्थीको पठन क्षमता निकै कमजोर पाइयो।

पाठक 'ख' पठनका लागि दिइएका १६० शब्द मध्ये ७ वटा शब्दको उच्चारणमा त्रुटि थियो भने महाप्राणमा परिवर्तन गरेको देखियो। त्यस क्रममा अल्पप्राण वर्णलाई महाप्राणमा परिवर्तन गरेर पढेको देखियो। पाठक 'ग' इतर नेपाली मातृभाषी थिए। भएकोले दिइएको अनुच्छेदबाट दुईवटा शब्द मात्र पढ्न सक्ने र बाँकी अन्य अनुच्छेद पढ्न नसकेको अवस्था थियो। जम्मा १६० शब्दमध्ये ६ ओटा शब्द त्रुटिपूर्ण थिए । ध्वनि पहिचानमा समस्या,मात्राको सही उच्चारण गर्न नसक्नु , धेरै समयमा थोरै पढ्न सक्नु, अल्पप्राणी भवन जस्ता त्रुटिहरू पठनका देखिएका समस्याहरू हुन। ध्वनि सचेतीकरणका क्रममा सिकारुले ध्वनि अवयवबाट निसृत उस्ताउस्तै ध्वनिबिच फरक छुट्याउने, जोड्ने, बुझ्ने र उच्चारण गर्ने जस्ता क्रिया गर्दछन्। भाषिक एकाइहरू ध्वनिबाट वर्ण, वर्णबाट शब्द, शब्दबाट वाक्यका तहमा हुँदै विकसित हुने देखियो। सिकारुलाई पठनकलामा निपुण तुल्याउन ध्वनि विभेदीकरण सहित ध्वनि सचेतीकरणमा अभ्यस्त तुल्याउनु पर्ने देखिन्छ।

## पठन प्रवाह र स्वतन्त्र पढाइ

पाठकले दिएको पाठलाई सरसर्ती शुद्ध र छिटो पढ्न सक्ने नै पठन प्रवाह हो। पठन प्रवाहको बोधसँग नजिकको सम्बन्ध रहन्छ। यसले पठन सामग्रीलाई गति ,यति र लय मिलाई पढने सिपलाई बुझाउँछ। कुनै पनि पठन सामग्रीलाई बालबालिकाले जति छिटो र सतही तरिकाले

उच्चारण गरेर पढ्न सक्छन्, त्यति धेरै उनीहरूमा बोध क्षमता विकास हुने अध्ययनले देखाएका छन् । पठन प्रवाह भाषा विकासको महत्त्वपूर्ण आयाम मानिन्छ । पाठकले संज्ञानात्मक सिपसँग सम्बन्धित गराएर पठन सिपको विकास गर्न सक्छ । निश्चित रूपमा शुद्ध र छिटो पढ्नु पढाइ सफलताका आधारभूत पक्षहरू मानिन्छन् । पठन प्रवाह शिक्षणमा सातओटा चरणहरू पूरा गर्नु आवश्यक मानिन्छ । शुद्ध विसङ्केतीकरण, गति बढाउने, आफैं सच्याउने, हिज्जे सुधार, चिह्न र अन्तरालको सही प्रयोग, हाउभाउ सहितको पढाइ, लेखनमा अनुसरणका चरण अवलम्बन गरिन्छ । विद्यार्थीहरूलाई आफ्नो रूचिअनुसार किताब छानेर स्वतन्त्र रूपले पढ्न सक्ने बनाउनु स्वतन्त्र पढाइ हो। स्तर अनुसारको विभिन्न किसिमका पठन अवरोह आरोह गति, यति, लय र हाउभाउसहित पढेको अरु सहपाठीले अवलोकन गरी सुझावसमेत दिन सकिने यस किसिमको पठन कियाकलाप गराउँदा पाठकलाई परिचित वा अपरिचित कथात्मक वा अकथाात्मक अनुच्छेद दिई पढ्न लगाउने, समय टिपोट गर्ने, त्रुटि टिपोट गर्ने ध्वनि तथा वर्ण सचेतीकरणमा ध्यान दिँदै आवश्यकता अनुसार टिपोट गर्दै जानु आवश्यक हुन्छ ।

पठन कार्यकलाप पश्चात शिक्षकले विद्यार्थीहरूको मूल्याङ्कन गर्दा सही जवाफ दिनु भन्दा जवाफका रूपमा प्रतिकिया दिँदा प्रस्तुत गर्ने तर्क महत्त्वपूर्ण हुन्छ । पियर्सन र केर्विथ (सन् २०१५) ले पठन कियाकलापमा शिक्षकले पाठ आधारित, पाठक आधारित र सन्दर्भ आधारित अवधारणाहरूलाई ध्यान दिनुपर्ने मान्यता राख्दछन् । यस्तो तर्क सबै तहका विद्यार्थीका लागि उपयोगी सावित हुन्छ भन्दै पठनका सन्दर्भमा पाठ, पाठक र सन्दर्भलाई महत्त्वपूर्ण तत्त्वको रूपमा व्याख्या गरेका छन् । त्यस्तै मार्क (सन् २०१९) ले गरेका १९० अध्ययनहरूको विश्लेषणमा वयस्कहरूमा हुनुपर्ने पठन प्रवाहमा कथाात्मक र अकथात्मक पाठमा भिन्न हुने निष्कर्ष निकालेका छन् । वयस्क पाठक प्रतिमिनेट पढ्ने अपेक्षा अकथात्मक पाठ २३८ शब्द, कथात्मक पाठ–२६० शब्द, औसत १८३ शब्द सस्वर पठन गति रहेको छ । मौन पठन गति वयस्क पाठक प्रतिमिनेट पढ्ने अपेक्षा अकथात्मक पाठ १७३–३०० शब्द, कथात्मक पाठ २००–३२० शब्द रहेको देखाइएको छ । यद्यपि कथात्मक र अकथात्मक पाठ पठनका कममा लाग्ने समयमा पाठकको मातृभाषाको अवस्था, उमेर समूह आदिले प्रभाव पार्न सक्ने देखिन्छ । बालबालिकाहरू, वृद्ध, वयस्कहरू र दोस्रो भाषाको रूपमा अङ्ग्रेजी भएका पाठकहरूका लागि सोभन्दा कम देखिन सक्छ । प्रत्येक समूहभित्र व्यक्तिगत भिन्नताहरूले प्रभाव पार्न सक्दछन् । मौन पठनका लागि अकथात्मक लेख १७३–३०० शब्द प्रतिमिनेट हुने निष्कर्ष निकालिए पनि अन्य भाषाहरूमा पढ्ने दर अनुमान गर्न सकिने निष्कर्ष निकालेका छन् । यसरी पठन गति विषयवस्तुप्रतिको रूचि, उमेर, भाषा, मातृभाषा जस्ता पक्षद्वारा प्रभावित हुन सक्ने देखिन्छ ।

यस अध्ययनका कममा नेपाली भाषामा लेखिएको कथाात्मक पाठबाट १६० शब्दको एउटा अनुच्छेद लिई विद्यार्थीलाई पठन गर्न लगाइएको थियो । उक्त अध्ययनका कममा सहभागी पाठक 'क' मातृभाषा नेपाली नै भएको विद्यार्थीलाई लिइएको थियो । जम्मा १६० शब्द रहेको कथात्मक संरचनामा संरचित अनुच्छेदलाई नेपाली भाषिक पृष्ठभूमि भएका विद्यार्थीको पठन प्रवाह/पठनका गति १६० शब्दका लागि २.१३ ( दुई मिनेट १३ सेकेन्ड) लागेको थियो ।

पाठक 'ख' नेपाली मातृभाषा नभएको इतर मातृभाषी विद्यार्थीलाई लिइएको थियो । जम्मा १६० शब्द रहेको कथात्मक संरचनामा संरचित अनुच्छेद पठनका कममा पठन गति वा प्रवाह

प्रतिमिनेट १६० नै देखियो । पठन गतिमा त्यति समस्या नदेखिए पनि ध्वनि सचेतीकरणमा समस्या देखियो ।

पाठक 'ग' पनि इतर नेपाली मातृभाषी भएकोले दिइएको अनुच्छेदबाट दुईवटा शब्द मात्र पढ्न सक्ने र बाँकी अन्य अनुच्छेद पढ्न नसकेको अवस्था थियो ।

पाठक 'घ' मातृभाषा नेपाली नै रहेको थियो । पठनका लागि दिइएका १६० शब्द पढन ३.४५ मिनेट (३ मिनेट ४५ सेकेन्ड) लाग्यो ।

## शब्दभण्डार र पठनबोध

अक्षरहरूको सार्थक समूह शब्द हो । भाषा सिकाइ अर्थका हिसाबले लघुत्तम भाषिक एकाइ शब्द हो । शब्दको ज्ञान हुनु भनेको शब्दको सूची र तिनले दिने अर्थसँग परिचित भइ वाक्यमा प्रयोग गर्न सक्नु हो । शब्दभण्डारले सिकारुमा नयाँ ज्ञान सिप र धारणा हासिल गर्न ठूलो भूमिका खेल्दछ । यसले पढाइ गति अभिवृद्धि गर्न सहयोग गर्दछ । शब्दभण्डार भाषा प्रयोग गर्ने व्यक्तिमा रहेको शब्दको सङ्ग्रह हो । शब्दभण्डारको मात्रा मानिसको उमेर, कार्य, पेसा,शिक्षा ,अनुभव, प्रयोग आदिमा निर्भर हुन्छ । जति बढी शब्दभण्डारको विकास भयो त्यति बढी नै भाषिक कुशलता प्रयोग गरी सञ्चार गर्ने क्षमताको विकास हुन्छ ।

सामान्य अर्थमा बोध भनेको बुझाइ हो । बोलाइका क्रममा अभिव्यक्ति कुरा सुनेर लेखिएका कुरा पढेर अर्थ लगाउन सक्नु नै बोध हो । लिपिबद्ध सामग्रीलाई आँखा र मस्तिष्कको सहायताले हेरेर र पढेर बोध गर्नु नै पठन बोध हो । श्रुति र पठन दुवै तरिकाले बोध हुन्छ । पाठको सन्दर्भ नबुझीकन पठनको गति मात्र बढाएमा त्यस्तो किसिमले पठन यान्त्रिक प्रकृतिको हुन्छ । यस किसिमको पठन निरर्थक हुन्छ । किथ र अन्य (सन् २०१२) ले साइक्लोजि अफ रिडिङमा पठनलाई जटिल सिपका रूपमा लिएका छन् । सन् १९७० को दशकदेखि संज्ञानवादीहरूको अनुसन्धानबाट पठन प्रक्रियाका बारेमा धेरै सिकाइ प्राप्त भएको छ भन्दै यसमा लेखन प्रणाली, शब्द पहिचान, पढाइको समयमा आँखाको काम, आन्तरिक भाषण (वाक), वाक्य रचना प्रक्रिया, सङ्कथन प्रक्रिया, पठन सिक्ने, पठन असक्षमता, व्यक्तिगत भिन्नता र पठनगति आदिलाई मनोवैज्ञानिक पक्षका रूपमा लिएर संज्ञानात्मक मनोविज्ञानमा अनुसन्धानकर्ताले पढाइलाई आवश्यक मानेका छन् ।

पाठबाट अर्थको बोध गर्ने क्रममा सिकाएको ज्ञान, शब्दभण्डारको ज्ञान, धारणा सूचना तथा स्वअनुभवसँग विचारहरूलाई जोड्ने विषयमा केन्द्रित हुनु पर्दछ । बोधले पाठलाई कसरी बुझ्ने भन्ने कुरामा सक्षम बनाउँछ । पढाइको मुख्य अभिप्रायः नै पठन बोध हो । पठन बोधसँग पठन प्रवाह वा पठन गति, स्वस्फूर्तता, शिघ्र शब्द पहिचान, खोजी प्रक्रिया, शब्द संरचनात्मक ज्ञान, पाठ्य संरचनाको सचेतना र कथ्य सङ्गठन, वास्तविक वस्तु र घटनाको विवरणको समझ पाठ्यवस्तुको पूर्वानुमान रणनैतिक प्रक्रिया र क्षमता संश्लेषणात्मक सिप जस्ता पक्षले पढाइलाई प्रभाव पार्न सक्दछन् । अध्ययनका क्रममा सहभागीहरूको पढाइको मुख्य अभिप्राय नै पठनबोध भए पनि पठन गति, स्वस्फूर्तता, शिघ्र शब्द पहिचान, खोजी प्रक्रिया, शब्द संरचनात्मक ज्ञान, पाठ्य संरचनाको सचेतना र कथ्य सङ्गठन, वास्तविक वस्तु र घटनाको विवरणको समझ पाठ्यवस्तुको पूर्वानुमान रणनैतिक प्रक्रिया र क्षमता संश्लेषणात्मक सिप जस्ता पक्षमा कमजोरी रहेको देखियो ।

## मातृभाषाका आधारमा सस्वर पठन क्षमता

लिखित सामग्रीलाई अर्काले सुन्ने गरी कथ्य भाषाको ढाँचा अनुसार स्वरसहित पढ्नु सस्वर पठन हो लिपिबद्ध सामग्रीलाई मौखिक रूपमा वाक्का रूपमा बाहिर ल्याउन काम सस्वर पठनमा गरिन्छ। सस्वर पठन मौन पठनको पूर्वाधार पनि हो। पाठप्रति रुचि जागृत गर्न ठूलो आवाज, हाउभाउ, आरोह, अवरोह गति यति र लयका साथ पढिने हुनाले यस पठनबाट श्रोतासमेतले लाभ लिन सक्दछन्। घिमिरे ( सन्२०१६) ले पढाइ सिप र पठन तत्त्वहरूमा बालबालिकामा हुनुपर्ने पठन प्रवाहलाई समयका आधारमा मापन गर्न सक्ने मापदण्ड उल्लेख गरेका छन्। कक्षा एकमा अध्ययनरत् विद्यार्थीहरूको प्रति मिनेट पढ्ने अपेक्षा ३० देखि ६० शब्द, कक्षा दुईका विद्यार्थीहरूको प्रतिमिनेट पढ्ने अपेक्षा ७० देखि १०० शब्द कक्षा तीनका विद्यार्थीहरूको प्रति मिनेट पढ्ने अपेक्षा ८० देखि १०० शब्द, कक्षा चारका विद्यार्थीहरूको प्रति मिनेट पढ्ने अपेक्षा १०० देखि १४० शब्द, कक्षा पाँचका विद्यार्थीहरूको प्रति मिनेट पढ्ने अपेक्षा ११० देखि १५० शब्द, कक्षा छका विद्यार्थीहरूको प्रति मिनेट पढ्ने अपेक्षा १२० देखि १६० शब्द, कक्षा सातका विद्यार्थीहरूको प्रति मिनेट पढ्ने अपेक्षा १३० देखि १७० शब्द, कक्षा आठका विद्यार्थीहरूको प्रति मिनेट पढ्ने अपेक्षा १४० देखि १८० शब्द, हुने र पाँचवटा पठन तत्त्वका आधारमा राष्ट्रिय प्रारम्भिक पढाइ कार्यक्रमका माध्यमबाट नै बालबालिकाहरूलाई पूर्ण साक्षर बनाउन सकिने निष्कर्ष निकालेका छन्।

भाषागत दृष्टिले पठन सिपलाई हेर्दा सहभागी मध्ये मातृभाषा नेपाली भएका विद्यार्थीको पठनमा त्रुटिहरू अधिक देखिन गयो। नेपाली मातृभाषीले पाठमा रहेका १६० शब्द पठन गर्दा ध्वनि पहिचानमा त्रुटि ११ स्थानमा र वर्ण पहिचानमा १६ स्थानमा त्रुटि देखियो। नेपाली मातृभाषीले १६० शब्द पठनका लागि २.१३ (दुई मिनेट १३ सेकेन्ड समय लागेको थियो। नेपाली मातृभाषी सहभागीले ध्वनि पहिचानमा पाँच स्थान र वर्ण पहिचानमा ८ स्थानमा त्रुटि गरेको देखियो। ती बाहेक चिह्न प्रयोग, पदयोग ,पदवियोग, शब्द उच्चारणमा समेत त्रुटि गरेको देखियो। मातृभाषा नेपाली भएका सहभागी भन्दा मातृभाषा नेपाली नभएका सहभागी अर्थात् इतर नेपाली मातृभाषीमा पढाइको गति र शुद्धता देखिन गयो। अध्ययनमा सहभागीहरू आफ्नो मातृभाषाका कारण पठन सिपमा कमी वा त्रुटि भएको देखिन्छ। यसरी मातृभाषा नेपाली नै भएका विद्यार्थीहरूले यसप्रकारका त्रुटि गर्नुले पठन सिप विकास हुन नसकेको अवस्थालाई सङ्केत गर्दछ। अध्ययनका क्रममा नमुनाका रूपमा छनोट गरिएका सहभागीहरूको पठन क्षमतालाई दृष्टिगत गर्दा सहभागी विद्यार्थीहरूको पठन क्षमता निकै कमजोर पाइयो। इतर नेपाली मातृभाषीको पनि नेपाली मातृभाषी विद्यार्थीमा भन्दा बढी क्षमता रहेको देखियो। त्यसैले जुनसुकै मातृभाषी विद्यार्थीहरूलाई पनि अधिकाधिक पठन क्रियाकलापमा सरिक बनाएर मात्र विद्यार्थीहरूमा पठन सिप विकास गराउन सकिने देखिन्छ।

## लैङ्गिकताका आधारमा साझा पठन क्षमता र तत्परता

विद्यार्थी र शिक्षक दुवैले सँगसँगै एउटै समयम पढ्ने क्रियाकलाप साझा क्रियाकलाप अन्तर्गत राखेको पाइन्छ। पठन प्रवाह परीक्षण गर्दा भने साझा पठन त्यति बढी उपयुक्त मानिदैन। शिक्षार्थीलाई लिपिबद्ध सामग्री पढ्न लगाउँदा कक्षाका सबै सिकारु बनाइएका समूह वा व्यक्तिगत रूपमा पढ्न लगाउने गरिन्छ। स्वानेफ्लुगल र नप (सन् २०१५) ले द साइकलोजी अफ रिडिङ थ्योरी एन्ड एप्लिकेसनलमा संज्ञानात्मक, स्नायु विज्ञान र सामाजिक सांस्कृतिक परिप्रेक्ष्यहरू समावेश गर्दै आधिकारिक पाठले पढाइमा संलग्न मनोवैज्ञानिक प्रक्रियाको व्याख्या गर्दछ। पुस्तकले

प्रारम्भिक साक्षरता सिपहरू र शब्द पहिचान, पढ्ने प्रवाह, शब्दावली वृद्धि र पाठ बुझ्नको लागि आवश्यक बढ्दो जटिल क्षमताहरूको अधिग्रहणको माध्यमबाट विकासात्मक अनुक्रमलाई आत्मसात गर्छ। पठन प्रेरणाको मनोवैज्ञानिक आयामहरू र पठनका व्यक्तिगत र सामाजिक फाइदासँगै व्यक्तिगत पठन भिन्नताहरूमा भाषिक र सांस्कृतिक कारकले प्रभाव पार्ने निष्कर्ष निकालेका छन्। यसै सन्दर्भमा लैङ्गिकताका दृष्टिले यस अध्ययनमा नमुनाका रूपमा छनोट गरिएका सहभागीहरूको पठन सिपलाई हेर्दा सहभागी छात्र छात्रामध्ये छात्राहरू साझा पठनमा तत्परता र रूचि देखियो। तुलनात्मक रूपमा छात्रमा पठन तत्परतामा कमी देखिन गयो। छात्रहरूमा पठन सुस्तताका साथै छात्राबिचमा पनि त्रुटिहरू कम र बढी भए जस्तै गरी एकरूपता देखिएन, छात्रहरूमा पठन सुस्तता, अकमकाउने, पढ्न नसक्ने, ढिलो पढ्ने, वर्ण पहिचान गर्न नसक्ने ,शब्द उच्चारणमा समेत समस्या देखियो। छात्रा छात्रका बिचको पठन सिप र गतिलाई तुलनात्मक रूपमा हेर्दा छात्रमा भन्दा बढी क्षमता छात्रामा रहेका पाइयो।

## निष्कर्ष

पठन पाठकको पूर्वज्ञान, अनुभव प्रवृत्ति सामाजिक तथा सांस्कृतिक स्तरबाट प्रकाशित हुन सक्ने प्रक्रिया हो। यो संज्ञानात्मक पक्षसँग सम्बन्धित मानसिक प्रक्रिया हो। ज्ञान सिप प्राप्त गर्ने सशक्त माध्यम बोध तथा अभिव्यक्तिको सशक्त माध्यम पठन हो। पठनका सन्दर्भमा गरिएका अध्ययन अनुसन्धानबाट पठन एक जटिल मानिसक प्रक्रिया हो भन्ने सुझ प्राप्त हुन्छ। विद्यार्थीहरूमा दिगो र प्रभावकारी सिप र ज्ञान तत्त्वको विकास गराउनका लागि पठनले निकै महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। पठन क्रियाकलापमा विद्यार्थीहरूलाई सहभागी गराउन भन्दा पहिले ध्वनि सचेतीकरण, वर्ण सचेतीकरण ध्वनि सङ्केतको सम्बन्धलाई ध्यानमा राखिनुपर्दछ। पढाइका आधारभूत तत्त्वका रूपमा रहेका ध्वनि सचेतीकरण,लेख्य वर्ण सचेतीकरण, शब्दभण्डार र बोधको सन्तुलित संयोजनबाट नै उत्कृष्ट पढाइ हुने हुनाले यी पक्ष महत्त्वपूर्ण मानिन्छन्। विभिन्न विद्वानहरूले पठन प्रवाहलाई लिएर गरेका अध्ययनहरूमा कथात्मक अकथात्मक लेखहरूको प्रतिमिनेट पठन दर भिन्न भिन्न देख्न सकिन्छ। आधारभूत तहसम्मका सिकारुका लागि पठन गति र वयस्क व्यक्तिका लागि पठन गति फरक देखिन्छ। पठनका प्रकारका दृष्टिले हेर्दा पनि सस्वर पठन मौन पठन गतिमा विभिन्नता देख्न सकिन्छ। त्यति मात्रै होइन पठन गतिलाई पाठकको मातृभाषा, उमेर ,स्तर, वयस्क वृद्ध आदिजस्ता पक्षले समेत यसमा प्रभाव पार्न सक्दछ।

तुलनात्मक रूपमा छात्रमा पठन तत्परतामा कमी देखिन गयो। छात्रहरूमा पठन सुस्तताका साथै छात्राबिचमा पनि त्रुटिहरू कम र बढी भए जस्तै गरी एकरूपता देखिएन, छात्रहरूमा पठन सुस्तता, अकमकाउने, पढ्न नसक्ने, ढिलो पढ्ने, वर्ण पहिचान गर्न नसक्ने ,शब्द उच्चारणमा समेत समस्या देखियो। छात्रा छात्रका बिचको पठन सिप र गतिलाई तुलनात्मक रूपमा हेर्दा छात्रमा भन्दा बढी क्षमता छात्रामा रहेका पाइयो।

अध्ययनका क्रममा लिइएका सहभागीको पठन क्षमतालाई ध्वनि सचेतीकरणका आधारमा पठन प्रवाहका आधारमा, मातृभाषाका आधारमा, लैङ्गिकताका आधारमा राखेर अध्ययन गर्दा छात्रको तुलनामा छात्रामा पढाइको स्तर राम्रो देखियो। यस अध्ययनमा नमुनाका रूपमा छनोट गरिएका सहभागीहरूको पठन सिपलाई हेर्दा सहभागी छात्र छात्रामध्ये छात्राहरू साझा पठनमा तत्परता र रूचि देखियो। त्यसै गरी मातृभाषागत आधारमा हेर्दा मातृभाषा नेपाली हुने भन्दा इतर

नेपाली मातृभाषी विद्यार्थीको पठन क्षमता बढी रहेको पाइयो । यसले छात्राहरूमा पठन तत्परता पनि देखिन सकिन्छ भने सहभागीहरूमा ध्वनि सचेनता, वर्ण सचेतनासँगै चिह्न प्रयोग आदिमा समस्या रहेको देखिन्छ । अध्ययनबाट प्राप्त निष्कर्षलाई दृष्टिगत गर्दा पठन अत्यन्तै महत्त्वपूर्ण हुँदाहुँदै पनि यो एउटा जटिल मानसिक प्रकिया हो । पठन तत्त्वको सचेतना सहितको बारम्बार प्रयास र अभ्यासले सिकाइमा पठन सिपको पूर्ण विकास गर्न जरुरी देखिन्छ ।

## सन्दर्भसूची

अधिकारी, हेमाङ्गराज (पाँचौ संस्क.२०५९), *नेपाली भाषा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

घिमिरे, पुण्यप्रसाद (सन् २०१६), पढाइ सिप र पठन तत्त्वहरू, *शिक्षक शिक्षा,* पृ.पृ.१३४–१५१ । www.moecdc.gov.np

शर्मा, केदार प्रसाद र पौडेल, माधवप्रसाद (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण* , न्यु हिरा बुक्स ।

नेपाल सरकार शिक्षा मन्त्रालय (२०७०), *राष्ट्रिय प्रारम्भिक पढाइ कार्यक्रम दस्तावेज* ।

नेपाल सरकार शिक्षा मन्त्रालय (२०७२), *राष्ट्रिय प्रारम्भिक पढाइ कार्यक्रम परिचय* ।

नेपाल सरकार शिक्षा मन्त्रालय (२०७४), *पठन सिप विकास तालिम स्रोत सामग्री प्रारम्भिक कक्षा १–३,* शैक्षिक जनशक्ति विकास केन्द्र ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०७३),*राष्ट्रिय प्रारम्भिक पढाइ कार्यक्रम प्रशिक्षक निर्देशिका,* ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०७३),*राष्ट्रिय प्रारम्भिक पढाइ कार्यक्रम प्रअ तथा विद्यालय व्यवस्थापन समिति अभिमुखीकरण प्रशिक्षक निर्देशिका,* ।

किथ आर, अलेक्जेंडर पि र जेन ए सिजे (२०१२), *साइक्लोजि अफ रिडिङ,* साइक्लोजि प्रेस ।

थमस एच कार (१९८१), बिल्डिङ थ्योरीज अफ रिडिङ एबिलिटि : अन द रिलेसन बिटविन इन्डिभिजुअल डिफरेन्सेज इन कग्निटिभ स्किल एन्ड रिडिङ कम्प्रिहेन्सन्,*कग्निसन,* ९(१),७३, ११४ ।

पि. जे. स्वानेफ्लुगल र एन. एफ, नप (२०१५), *द साइकलोजी अफ रिडिङः थ्योरी एन्ड एप्लिकेसनल,* गिलफर्ड पब्लिकेसन ।

पि डि पियर्सन, जी एन केर्विथ (२०१५), फिफ्टी इयर्स अफ रिडिङ कम्प्रिहेन्सन थ्योरी एन्ड प्राक्ट्रिस,*रिसर्च बेस्ड प्राक्टिस फर टिचिङ कमन कोर लिट्रेसी,* पृ.पृ. १–२४ ।

ब्रिसबर्ट, मार्क(२०१९), हाउ मेनी वर्डस डु वी रिड पर मिनट ? अ रिभ्यु एन्ड मेटा- एनलाइसिस अफ रिडिङ रेट , *जर्नल अफ मेमोरी एन्ड ल्याङ्वेज,* १०९ ।

आर एफ. हडसन, एन बि लेन र पी सी पुलेन (२००५), रिडिङ फ्लुएन्सी एसेसमेन्ट एन्ड इन्ट्रक्सन हवाट, ह्वाट, ह्वाइ एन्ड हाउ ?*द रिडिङ टिचर,* ५८(८), पृ.पृ. ७०२-७१४ ।